"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रोजगार सेवा केन्द्र

कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/२०८३
च.नं.: १५४५

मिति:२०८२/१२/१९
ने.स. ११४६ चौलाथ्वः पुन्हि,बिहीबार

**विषयः वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि निवेदन दिने म्याद थप गरिएको सूचना ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार वोर्डको सचिवालयवाट मिति २०८२/१२/१६ गतेको निर्णय बमोजिम छात्रवृत्ति सहायताका लागि वैदेशिक रोजगार वोर्ड सचिवलायबाट वैदेशिक रोजगार सन्ततीहरुलाई निवेदन दिनका लागि वैदेशिक रोजगारमा रहेर अङ्गभङ्ग वा गम्भिर बिरामी तथा मृत्यु भई शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका परिवारले वैदेशिक रोजगार वोर्ड सचिवलायबाट प्राप्त छात्रवृत्तिका लागि मिति २०८३/०१/०६ गते सम्म आवेदन दिन सक्ने व्यहोरा सूचित गरिन्छ ।

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत

इमेल: info@dhankutamun.gov.np
वेबसाइटः www.dhankutamun.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बुद्धनगर, काठमाडौं

☏ ०१-५३२०३११
☏ ०१-५३२०४३३/५६
फ्याक्स नं. ०१-५३२०५४३
E-mail: info@feb.gov.np

प.सं. २०८२/८३
च.नं.

मिति: २०८२/१२/१६
ने.सं. ११४६

**विषय: वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि निवेदन दिने म्याद थप गरिएको सूचना।**

प्रस्तुत विषय यस सचिवालयबाट प्रदान गरिने वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका सम्बन्धमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति निर्देशक समितिको मिति २०८२/१२/१६ गतेको बैठकको निर्णय बमोजिम छात्रवृत्तिका लागि निवेदन पेश गर्ने म्याद मिति २०८३ वैशाख ६ गते आईतवारसम्मका लागि थप गरिएको सूचना प्रकाशित गरिएको छ। म्याद थप गरिएको अवधि भित्र वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिनका लागि सम्पूर्ण स्थानीय तह तथा सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, मिति २०८२/१२/१५ गते सम्म वैदेशिक रोजगार बोर्डको सचिवालयबाट अंगभंग वा गम्भिर बिरामी तथा मृत्यु भै शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका परिवारले समेत आवेदन दिन सक्ने व्यहोरा सूचित गरिन्छ। थप जानकारीका लागि सम्बन्धित स्थानीय तहका रोजगार संयोजकलाई वा श्रमाधान कल सेन्टर ११४१ मा सम्पर्क गर्न सकिनेछ।

<u>निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:</u>

क) श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात,
ख) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता,
ग) श्रमिकको मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिकको अंगभंग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणको प्रतिलिपि,
घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
ङ) सम्बन्धित स्थानीय तहको सिफारिसको प्रतिलिपि,
च) श्रमिक करार अवधिभित्रै अंगभंग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
छ) निवेदकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(भूपेन्द्र सापकोटा)
निर्देशक